

ओमप्रकाश गौतम
omgautam2078@gmail.com

नेपाली राजनीतिको डिष्कोर्ष !

३

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

रसको शाखा मधुमल्लामा पनि खुलेको छ ।



दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९



जि.प्र.का. झापा द.नं.६१। ०५७।०५८

दैनिक

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

पूर्वसन्देश

PURBA SANDESH DAILY



ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७१८५)



बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

❑ वर्ष-२१ ❑ अंक - २८१ ❑ २०८३ कात्तिक २८ गते शनिबार ❑ Saturday, 14 Nov. 2026 ❑ मूल्य ७ /-

वन क्षेत्रमा मृत्युका घटना बढ्दै

✍ रञ्जेन्द्र कार्की

दमक/ उत्तरी मोरङको केराबारीमा शुक्रबार फेरि एक महिलाको शव अर्धनग्न अवस्थामा फेला परेपछि यस क्षेत्रको सुरक्षा अवस्था र वन क्षेत्रमा हुने शंकास्पद मृत्युका घटनाबारे प्रश्न उठेको छ । केराबारी गाउँपालिका-२ फैबामा घरबाट करिब एक किलोमिटर टाढा जंगलमा ३१-३२ वर्षीया पार्वती लिम्बूको शव भेटिएको हो । शरीरमा बाहिरी चोट नदेखिएको प्रारम्भिक जानकारी आए पनि मृत्युको वास्तविक कारण पोस्टमार्टम र प्रहरी अनुसन्धानपछि मात्र खुल्नेछ । त्यसैले घटनालाई अहिले नै हत्या, यौन हिंसा वा आत्महत्या भनेर निष्कर्ष निकाल्न मिल्दैन ।

तर पछिल्ला वर्षमा केराबारी र आसपासका वन क्षेत्रमा शव भेटिने घटनाले यो क्षेत्रबारे गम्भीर चासो सिर्जना गरेको छ । गत कात्तिकमै केराबारी-९ धारापानी जंगलमा विराटनगरका ५१ वर्षीय मनोज खत्रीको शव रूखमा झुन्डिएको अवस्थामा फेला परेको थियो । प्रहरीले घटनाको अनुसन्धान गर्दै एक युवतीविरूद्ध आत्महत्या दुरूत्साहनसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाएको समाचार सार्वजनिक भएको थियो । यसअघि २०७८ माघमा केराबारी-८ को हजारबिघा सामुदायिक वनमा बाबुराम भट्टराईको शव भेटिएको घटनामा हत्या पुष्टि भएको थियो । त्यस्तै, २०७९ पुसमा केराबारी-९ मा दुर्गाकुमार राईको कुटपिट गरी हत्या गरेको अभियोगमा प्रहरीले एक जनालाई पक्राउ गरेको थियो ।

केराबारीबाहिर पनि उत्तरी मोरङका वन क्षेत्रमा यस्ता घटना बढ्दै गएका छन् । २०८२ कात्तिकमा लेटाङ-बेलबारी सीमास्थित चिसाङ साम्केदारी वनमा १३ वर्षीया अंशु गौतमको शव भेटिएको थियो । उनी १८ दिनदेखि बेपत्ता थिइन् । त्यसैगरी बेलबारी-१० को सिर्जना सामुदायिक वनमा पनि महिलाको शव फेला परेको घटना सार्वजनिक भएको थियो । केराबारी-५ लामिछानेटारस्थित चिसाङ खोला किनारमा पहिचान नखुलेको शव भेटिएको प्रहरी अभिलेखसमेत छ । यद्यपि यी सबै घटनालाई हत्या वा आत्महत्याका रूपमा वर्गीकरण गर्ने पर्याप्त प्रमाण सार्वजनिक छैन ।

मोरङ जिल्लामा भने आत्महत्याको संख्या उल्लेख्य छ । सार्वजनिक प्रहरी विवरणअनुसार आर्थिक वर्ष २०८०/०८१ मा ३१०, २०८१/०८२ मा करिब ३२५ र २०८२/०८३ मा ३३३ जनाले आत्महत्या गरेका छन् । तीन वर्षमा यो संख्या ९६८ पुग्छ । तर यो जिल्लाभरिको तथ्यांक हो, केराबारी वा उत्तरी मोरङको मात्र होइन ।

घना वन, एकान्त स्थान, बस्तीबाट टाढाका सडक तथा खोल्साखोल्सी शव भेटिने स्थान बन्नुका कारण हुन सक्छन् । हत्या अन्यत्र गरेर शव वन क्षेत्रमा ल्याएर फालिएको सम्भावना पनि अनुसन्धानको

बाँकी ४ पेजमा ▸▸

केराबारीको जंगलमा महिला मृत फेला

उर्लाबारी/ मोरङको केराबारी गाउँपालिका-२ फैबास्थित जंगलमा बिहीबार साँझ एक महिला अर्धनग्न अवस्थामा मृत फेला परेकी छन् । घरबाट करिब एक किलोमिटर टाढा जंगलमा स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । मृत्यु हुनेमा स्थानीय ३१-३२ वर्षीया पार्वती लिम्बू रहेको मोरङ प्रहरीले जनाएको छ । प्रहरीका अनुसार शवको कम्मरमुनिको भागमा कपडा थिएन । शरीरमा बाहिरी चोटपटक नदेखिएको र घटनास्थलमा तत्काल शंकास्पद वस्तु पनि फेला नपरेको मोरङ प्रहरी प्रमुख एसपी कवित कटवालले बताए । मृत्युको कारण पत्ता लगाउन फरेन्सिक चिकित्सकसहितको टोली घटनास्थल पठाइएको प्रहरीले जनाएको छ ।

छठपर्व सुरु, खोला किनार सजाईँदै



दमक/ छठपर्वको विधिवत सुरुवात भएको छ । पर्वको पहिलो दिन शुक्रबार बर्तालुले पोखरी तथा जलाशयमा स्नान गरी व्रत संकल्पसहित चोखोनीतो खाने 'नहाय-खाय' विधि गरेसँगै पर्व शुरू भएको हो ।

चार दिनसम्म मनाइने छठपर्वको दोस्रो दिन 'खरना' विधि गरिनेछ । यस दिन बर्तालुले दिनभरि निराहार व्रत बसेर राति सख्खरमा पकाइएको अरवा चामलको खिर कुलदेवता र छठीदेवीलाई चढाउनेछन् । त्यसपछि प्रसादका रूपमा खिर ग्रहण गर्ने परम्परा छ ।

पर्वको तेस्रो दिन बर्तालुले निराहार व्रत बसेर साँझपख सजाइएको जलाशयमा पुग्नेछन् । कम्मरसम्म पानीमा उभिएर अस्ताउँदो सूर्यलाई अर्घ्य दिँदै प्रसाद राखिएको डाली सूर्यलाई देखाउने विधिलाई 'सभुका अरख' वा 'सँकियाघाट' भनिन्छ ।

छठको अन्तिम दिन बिहानै उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि पर्व सम्पन्न हुन्छ । अघिल्लो दिन साँझ सूर्यलाई देखाइएको प्रसादसहितको डाली पुनः सूर्यलाई अर्पण गर्ने परम्परा छ । मिथिला र तराई क्षेत्रमा विशेष महवका साथ मनाइने छठपर्व पछिल्लो समय राष्ट्रिय पर्वका रूपमा विस्तार हुँदै गएको छ ।

अश्लील नृत्यको आरोपमा पाँच युवती पक्राउ

दमक/ तिहारमा देउसी-भैलो खेल्ने क्रममा सार्वजनिक स्थानमा अश्लील नृत्य प्रदर्शन गरेको आरोपमा रुपन्देही प्रहरीले पाँच युवतीलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय रुपन्देहीका अनुसार लुम्बिनी सांस्कृतिक नगरपालिका-१० महिलाबार बजारबाट चाहना थापा र प्राप्ती बस्नेत तथा सिद्धार्थनगर नगरपालिका-७ कञ्चनबजारबाट पूजा ठकुरी, सपना चौधरी र बिपना मगर पक्राउ परेका हुन् ।

प्रहरीले उनीहरूमाथि सार्वजनिक हित र नैतिकताविरुद्धको कसुरमा अनुसन्धान अघि बढाएको जनाएको छ । साथै, मौलिक कला, संस्कृति र सामाजिक सदभावविपरीतका गतिविधि नगर्न तथा देउसी-भैलो कार्यक्रम मर्यादित रूपमा सञ्चालन गर्न प्रहरीले आग्रह गरेको छ ।

वडामा कित्ताकाटको बाटो खुल्यो

मोरङ/ लामो समयदेखि रोकिएको जग्गाको कित्ताकाट प्रक्रिया अघि बढ्ने भएको छ । विराटनगर महानगरपालिकाले ९९ वटै वडाको भू-उपयोग क्षेत्र वर्गीकरण पूरा गरी अन्तिम प्रतिवेदन र आवश्यक विवरण नापी कार्यालयमा पठाएपछि कित्ताकाट खुल्ने बाटो खुलेको हो ।

महानगरपालिकाले कात्तिक २७ गते नापी कार्यालय विराटनगरलाई पत्र पठाएर भू-उपयोग क्षेत्र वर्गीकरणसम्बन्धी प्रतिवेदन कार्यान्वयन गर्न अनुरोध गरेको छ । नगर कार्यपालिकाको असोज २३ गतेको निर्णयअनुसार भू-उपयोग परिषद्बाट स्वीकृत आधार र मापदण्डका आधारमा वर्गीकरण पूरा गरिएको महानगरले जनाएको छ ।

हात्तीको बथान पसेपछि गाउँमा त्रास

झापा/ मेचीनगर नगरपालिका-७ स्थित दशगजा क्षेत्रमा शुक्रबार दिनभर १४ वटा जंगली हात्तीले आश्रय लिएपछि नेपालतर्फको गाउँमा त्रास फैलिएको छ । हात्तीले आश्रय लिएको दशगजा क्षेत्रको पूर्वतर्फको भारतीय भूभागमा सिसौ र टिकको विरूवा हुर्किएको झाडी छ । नेपालतर्फ सतिघट्टा, मेचीबस्ती, गैरीगाउँलगायतको बाक्लो मानव बस्ती छ ।

बिहानै देखि दशगजा नजिकको झाडीमा साना बच्चासहितको हात्तीको बथान देखिएको प्रत्यक्षदर्शी जीआर घिताललेबताए । उनले भने, 'ती हाती दिनभर त्यहीँ बसेका छन् । यता गाउँ कुनै पनि बेला पस्लान् भन्ने डर भइसक्यो ।'

नेपालतर्फको बस्तीमा हाती प्रवेश नगरून् भनेर सशस्त्र प्रहरी बल २ नं गणअन्तर्गतको विभिन्न बीओपी र डिभिजन वन कार्यालय झापाबाट खटिएका सुरक्षाकर्मीले सीमामा सुरक्षा तैनाथी बढाएको डिभिजन वन कार्यालय झापाका निमित्त प्रमुख रामभगत यादवले बताए ।

भारततिरबाट आएका हात्तीलाई सीमामा रोकिए पनि

बाँकी ४ पेजमा ▸▸

चार जना न्यायाधीश सर्वोच्च अदालतमा नियुक्त

दमक/ सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले चार जना न्यायाधीशलाई सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त गरेका छन् । नेपालको संविधानको धारा १२९ को उपधारा (२) बमोजिम न्यायपरिषद्को सिफारिसमा राष्ट्रपति पौडेलले बिहीबार चार जनालाई सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त गरेका हुन् ।

राष्ट्रपतिको कार्यालयका अनुसार सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त हुनेमा डा. रत्नबहादुर बाग्चन्द, चन्द्रबहादुर सारु, जनक पाण्डे र गोकर्ण डाँगी रहेका छन् ।

नवनियुक्त न्यायाधीशमध्ये डा बाग्चन्द उच्च अदालत पोखराका मुख्य न्यायाधीश थिए । त्यस्तै, सारु उच्च अदालत पाटन, पाण्डे उच्च अदालत पाटनको हेटौंडा इजलास र डाँगी उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगन्जमा न्यायाधीशका रूपमा कार्यरत थिए ।

सर्वोच्च अदालतका नवनियुक्त चार न्यायाधीशले पद तथा गोपनीयताको शपथ लिएका छन् । बिहीबार नियुक्त चार जना न्यायाधीशले राष्ट्रपति कार्यालय शीतल निवासमा शुक्रबार पद तथा गोपनीयताको शपथ लिएका हुन् ।

कात्तिक २९ र ३० गते सार्वजनिक बिदा

दमक/ नेपाल सरकार, गृह मन्त्रालयले छठ पर्वका अवसरमा कात्तिक ३० गते सोमवार सार्वजनिक बिदा दिने निर्णय गरेको छ । मन्त्रालयद्वारा जारी सूचनाअनुसार वि.सं. २०८३ कात्तिक २९ गते आइतबार छठ पर्वका दिन सार्वजनिक बिदा दिएकोमा छठ पर्वको भोलिपल्ट उदाउँदो सूर्यलाई अर्घ दिई व्रत समापन गर्ने परम्परा रहेकाले कात्तिक ३० गते सोमबारका दिनसमेत सार्वजनिक बिदा दिइएको हो । मन्त्रालयका सहसचिव एवम् प्रवक्ता आनन्द कापलेद्वारा हस्ताक्षरित सूचनामा जनाइएको छ ।

आर्थिक अभावको पीडामा ६ बर्षीया बालिका



सडक उत्तरमा भाडाको कोठामा डेरा गरि बस्दै आएका दीपक लिम्बू र सुमित्रा राईकी छोरी एन्जिलिकाको आँखामा दुई महिनाअघि सानो फोकाजस्तो देखिएको थियो । सुरूमा सामान्य समस्या ठाने पनि परीक्षणका क्रममा आँखामा ट्युमर देखिएको

बाँकी ४ पेजमा ▸▸

दमक/ *झापाको दमकमा ६ वर्षीया बालिका एन्जिलिका लिम्बू देब्रे आँखाको ट्युमर क्यान्सरबाट पीडित बनेकी छन् । समयमै उपचार गर्नुपर्ने भए पनि परिवारको कमजोर आर्थिक अवस्थाका कारण उनको उपचारमा समस्या भइरहेको छ ।*

दमक नगरपालिका-१ स्थित डी टाउन नजिकै मामा चोक-हिमालय माध्यमिक विद्यालय जाने

BIG DIGITAL

कर्मचारी आवश्यकता

BIG DIGITAL दमकको लागि केही दक्ष तथा अनुभवी कर्मचारी आवश्यक रहेको हुँदा इच्छुकले सम्पर्क गर्न राक्नु हुने छ।

सेल्समयान २ जना
सेल्स असिस्टेन्ट २ जना

योग्यता :
- सम्बन्धीत काममा दक्ष

आवश्यक कागजातहरु :
1. नागरिकता वा गतबाता परिचय पत्रको प्रतिलिपि
2. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
3. सम्बन्धित कामको योग्यताको प्रमाणपत्र तथा इस्त लिखित निवेदन

पारिश्रमिक :
- सेल्समयान : रु. २६,०००/-
- असिस्टेन्ट : रु. १५,०००/-

सेवाको किसिम : करार सेवा (२ वर्ष अवधी)

सम्पर्क मिति : २०८३ कार्तिक २७ गतेदेखि मङसिर ५ गतेसम्म

परीक्षाको किसिम : प्रमाण पत्र तथा योग्यताको आधारमा अन्तरवार्तामा बोलाईने छ ।

arambha.computer@gmail.com
023-576246
9852676246

BIG DIGITAL
दमक, झापा

सम्पादकीय

कोशीमा भाषाको कार्यान्वयन

नेपाल विविधतासे भरिपूर्ण राष्ट्र हो, जहाँ विभिन्न जातजाति, भाषा, धर्म र संस्कृतिको साझा फूलबारी नै यहाँको मौलिक पहिचान हो । देशले संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास गरिरहँदा राज्यका हरेक तहमा सबै नागरिकको अपनत्व महसुस गराउनु अपरिहार्य हुन्छ । यसै सन्दर्भमा, कोशी प्रदेश सरकारले नेपाली भाषाबाहेक थप १३ वटा स्थानीय तथा मातृभाषालाई प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयनमा ल्याएको छ । महागुरु फाल्गुनन्द लिङ्देनको जन्मजयन्तीको पावन अवसर पारेर मुख्यमन्त्री हिक्मतकुमार कार्कीद्वारा घोषित यो कदमले नेपालको संघीयता र समावेशी लोकतन्त्रलाई अझ बढी सुदृढ र जनमुखी बनाएको छ ।

संविधानको अनुसूची र भाषा आयोगको सिफारिसलाई आधार मान्ने हो भने कोशी प्रदेशमा मुख्यतया मैथिली र लिम्बू भाषा मात्र सरकारी कामकाजका लागि सिफारिश गरिएका थिए । तर, प्रदेश सरकारले यसभन्दा एक कदम अगाडि बढ्दै यहाँको बहुभाषिक विविधता, मौलिकता र विभिन्न जातजातिको पहिचानलाई संरक्षण गर्ने दूरदर्शी सोच राख्यो । गत कार्तिक ११ गते प्रदेश प्रमुखबाट प्रमाणीकरण भइसकेको ऐनअन्तर्गत औपचारिक रूपमा यी भाषाहरु कार्यान्वयनमा आउनुले सरकार जनभावनाप्रति कति संवेदनशील छ भन्ने प्रष्ट्याउँछ ।

नयाँ कार्यान्वयनमा आएका भाषाहरुमा राई, थारू, तामाङ, मगर, बान्तवा, उर्दू, राजवंशी, नेपाल भाषा, चाम्लिङ, शेर्पा र सन्थालीलगायतका महत्वपूर्ण भाषाहरु समावेश छन्। यी भाषा बोल्ने समुदायहरुको लामो समयदेखिको माग र सांस्कृतिक अधिकारलाई यो ऐनले औपचारिक मान्यता दिएको छ । कुनैपनि समुदायको भाषा लोप हुनु भनेको त्यसको सभ्यता र इतिहास मेटिनु हो। यस्तो अवस्थामा राज्यले मातृभाषालाई प्रशासनिक तहसम्म जोड्नु भनेको ती समुदायलाई राज्यको मूलप्रवाहमा अर्थपूर्ण रूपमा सहभागी गराउनु हो ।

"विविधतामा एकता" नेपालको राष्ट्रिय नारा मात्र होइन, हाम्रो जीवनशैली पनि हो। तर, यो एकता तब मात्र बलियो हुन्छ जब राज्यका प्रत्येक नागरिकले आफ्नो भाषा, संस्कृति र पहिचान सुरक्षित भएको महसुस गर्छन् । मुख्यमन्त्री कार्कीले यस ऐतिहासिक अवसरमा शुभकामना व्यक्त गर्दै विविधताबीचको एकतालाई मजबुत बनाउन र सबै समुदायको पहिचान स्थापित गर्न प्रदेश सरकार सधैं प्रतिबद्ध रहेको जुन कुरा व्यक्त गरेका छन्, त्यो अत्यन्तै सान्दर्भिक छ । भाषा केवल सञ्चारको माध्यम मात्र होइन, यो ज्ञान, दर्शन, सभ्यता र पुस्तान्तरित हुने अमूल्य सांस्कृतिक धरोहर हो। मातृभाषामा शिक्षा र सरकारी सेवा पाउने अधिकार नागरिकको मौलिक हकभित्र पर्दछ । कोशी प्रदेश सरकारको यो निर्णयले तल्लो तहका नागरिकलाई सरकारी सेवा लिन सहज बनाउनुका साथै प्रशासनिक र कानुनी प्रक्रियामा भाषागत अवरोधलाई हटाउन मडल पुर्याउनेछ । यसले जनता र सरकारबीचको दूरीलाई अझ नजिक ल्याउनेछ ।

कानून निर्माण र घोषणा कागजी रूपमा आकर्षक देखिए पनि यसको वास्तविक कार्यान्वयन नै यसको सफलताको प्रमुख कसी हो। सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयनमा ल्याइएका यी १३ वटा भाषाहरुलाई प्रशासनिक कामजाल, बोर्डहरु, सूचनाहरु र कार्यालयका सेवा प्रवाहमा कसरी समायोजन गर्ने भन्नेबारे स्पष्ट कार्ययोजना आवश्यक हुन्छ । यसका लागि प्रदेश सरकारले सम्बन्धित भाषाका विज्ञ, अनुवादक र कर्मचारीहरुको भ्यवस्थापन गर्नुपर्ने हुन्छ । साथै, प्रदेशका सबै सरकारी निकायहरुमा यससम्बन्धी आवश्यक प्राविधिक तथा भ्यावहारिक पूर्वाधार तयार पार्नुपर्छ। यदि सही ढङ्गले कार्यान्वयन गर्न सकियो भने यसले प्रदेशको प्रशासनिक कार्यशैलीलाई थप समावेशी र जनउत्तरदायी बनाउनेछ ।

यसैं ऐतिहासिक अवसरमा प्रदेश सरकारले हरेक वर्ष प्रदेश भाषा दिवस' मनाउने घोषणा गर्नु अर्को प्रशंसायोग्य कदम हो। यसले यी भाषाहरुको संरक्षण, संवर्द्धन र विकासका लागि निरन्तर बहस, सिर्जनात्मक कार्य र जनचेतना फैलाउन महत्त्वपूर्ण भूमिका खेल्नेछ । भाषा दिवसको बहानामा नयाँ पुस्तालाई आफ्ना मातृभाषाप्रतिको गौरव र महत्त्व बुझाउने अवसर प्राप्त हुनेछ ।

कोशी प्रदेश सरकारले चालेको यो कदम नेपालको संघीय प्रशासनिक इतिहासमा एक दूरगामी र सकारात्मक प्रयोग हो । यसले राज्यका नीति निर्माण तहमा सीमान्तकृत समुदायको आवाजलाई बुलन्द बनाएको छ । भाषाको यो विविधतालाई कुनै पनि प्रकारको राजनीतिक वा सामाजिक द्वन्द्वको विषय बनाउनुको सट्टा, यसलाई प्रदेशको समृद्धिको गहनाका रूपमा लिनुपर्छ । अबको आवश्यकता भनेको घोषणालाई दृढ इच्छाशक्तिका साथ कार्यान्वयनमा रूपान्तरण गर्नु हो । प्रदेश सरकार, स्थानीय समुदाय र सरोकारवाला सबैको सहकार्यमा मात्र यो ऐतिहासिक निर्णयले सार्थक रूप लिन सक्नेछ । कोशी प्रदेशले बसालेको यो बहुभाषिक सुशासनको संस्कृतिले देशका अन्य प्रदेशहरुका लागि पनि गतिलो मार्गदर्शकको काम गर्नेछ भन्ने अपेक्षा गर्न सकिन्छ ।



ओमप्रकाश गौतम
omgautam2078@gmail.com

सरकार बनाउने र ढाल्ने खेलमा नेताहरु ब्यस्त हुँदा जनताका आधारभूत समस्या ओझेलमा परे । युवाहरु रोजगारीको खोजीमा विदेशिन बाध्य भए । किसानले आफ्नो उत्पादनको उचित मूल्य पाएनन् । सर्वसाधारण पनले सरकारी सेवा लिन पनि कठिनाइ भोग्नुपऱ्यो ।

नेपाली राजनीतिको डिष्कोर्ष !

परिवर्तनको आशा, चुनौतीको पहाड र जनताको प्रतीक्षा

नेपालको राजनीति अहिले परिवर्तनको अपेक्षा र चुनौतीको दोसाँधमा उभिएको छ । लामो समयदेखि नेपाली जनताले राजनीतिक अस्थिरता, सत्ता स्वार्थ, भ्रष्टाचार, बेरोजगारी, महँगी र कमजोर शासन व्यवस्थाको सामना गर्दै आएका छन् । हरेक निर्वाचनमा जनताले नयाँ आशासहित मतदान गरे, हरेक नयाँ सरकारसँग परिवर्तनको अपेक्षा राखे । तर पटकपटक ती अपेक्षा पूरा हुन सकेनन् । त्यसैले आज नागरिकले राजनीतिक व्यवस्था र नेतृत्व मात्र होइन, शासन सञ्चालनको शैलीमै परिवर्तन खोजिरहेका छन् ।

नेपालमा राजनीतिक व्यवस्था परिवर्तनका लागि धेरै आन्दोलन भए । पञ्चायती व्यवस्थाको अन्त्य भयो, बहुदलीय प्रजातन्त्र स्थापना भयो र राजतन्त्रको अन्त्यसँगै संघीय लोकतान्त्रिक गणतन्त्र आयो । संविधान बन्यो, तीन तहका सरकार गठन भए र जनताले आफ्ना प्रतिनिधि आफैँ चुन्ने अधिकार पाए । तर व्यवस्था परिवर्तन भएअनुसार आम नागरिकको जीवनस्तरमा अपेक्षित सुधार हुन सकेको छ कि छैन भन्ने प्रश्न अझै अनुत्तरित छ । यही असन्तुष्टिले नेपाली राजनीतिमा नयाँ विकल्प र नेतृत्वप्रति आकर्षण बढाएको देखिन्छ ।

नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्रलगायतका पुराना राजनीतिक दलले नेपालको राजनीतिक परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । लोकतन्त्र स्थापना, संविधान निर्माण र गणतन्त्र संस्थागत गर्न उनीहरुको योगदानलाई अस्वीकार गर्न सकिँदैन । तर विगतको योगदानका आधारमा मात्रै वर्तमानमा जनताको विश्वास कायम रहन सक्दैन । जनताले इतिहाससँगै वर्तमानको कार्यसम्पादन पनि मूल्यांकन गर्छन् । वर्षौंदेखि उही अनुहार, सत्ताका लागि गठबन्धन, पद बाँडफाँट र सरकार बनाउने-ढाल्ने राजनीतिक खेलले नागरिकमा निराशा बढाएको छ । नेताहरु सत्ता समीकरणमा व्यस्त हुँदा रोजगारी, शिक्षा, स्वास्थ्य, कृषि र सार्वजनिक सेवाजस्ता नागरिकका आधारभूत विषय ओझेलमा परेका छन् । त्यसैले पुराना दलहरुले आफ्नो योगदानको चर्चा मात्र होइन, कमजोरीको समीक्षा र सुधारको स्पष्ट प्रतिबद्धता देखाउन आवश्यक छ ।

अर्कोतर्फ, नयाँ राजनीतिक शक्ति र नेतृत्वप्रति जनताको आकर्षण बढ्नुले नेपाली समाजमा परिवर्तनको चाहना बलियो रहेको संकेत गर्छ । जनता अब भाषणभन्दा काम, आश्वासनभन्दा परिणाम र नाराभन्दा व्यवहार खोजिरहेका छन् । तर नयाँ राजनीतिक शक्ति उदाउँदैमा देशका सबै समस्या स्वतः समाधान हुँदैनन् । सरकार सञ्चालनका लागि राजनीतिक लोकप्रियतासँगै प्रशासनिक अनुभव, संस्थागत क्षमता, लोकतान्त्रिक संस्कार र दीर्घकालीन दृष्टिकोण पनि आवश्यक हुन्छ । चुनाव जित्नु र सरकार सफलतापूर्वक सञ्चालन गर्नु फरक विषय हुन् । नयाँ नेतृत्वले पनि पुरानै राजनीतिक कमजोरी दोहोऱ्यायो भने जनताको विश्वास फेरि कमजोर हुन सक्छ ।

यस परिवर्तनको बहसमा युवापुस्ताको भूमिका महत्त्वपूर्ण छ । आजको युवा केवल राजनीतिक दलको भन्डा बोक्न चाहँदैन । ऊ स्वदेशमै रोजगारी, गुणस्तरीय शिक्षा, सहज स्वास्थ्य सेवा र सम्मानपूर्वक बाँच्न पाउने वातावरण चाहन्छ । सामाजिक सञ्जाल र सार्वजनिक बहसका माध्यमबाट युवाले राजनीतिक गतिविधि, नेताका निर्णय र सरकारी कामकारबाहीमाथि प्रश्न उठाइरहेका छन् । यो नागरिक चेतनाको सकारात्मक पक्ष हो । तर सामाजिक सञ्जालमा लोकप्रिय हुनु र प्रभावकारी नेतृत्व दिनु एउटै कुरा होइन । युवाले पनि कुनै नेता वा दलको अन्धसमर्थन नगरी सही कामको समर्थन र गलत कामको आलोचना गर्न सक्ने विवेकपूर्ण राजनीतिक संस्कार विकास गर्नुपर्छ ।

नेपालको विकास र सुशासनको अर्को प्रमुख चुनौती भ्रष्टाचार हो । विकासका नाममा योजना बन्ने, बजेट छुट्याइने र ठेक्का लाग्ने तर काम समयमा सम्पन्न नहुने प्रवृत्ति अन्त्य हुनुपर्छ । सरकारी कार्यालयमा सामान्य सेवा लिनसमेत नागरिकले सास्ती भोग्नुपर्ने अवस्था बदलिनुपर्छ । राजनीतिक पहुँच र चिनजानका आधारमा अवसर बाँड्ने प्रवृत्तिको अन्त्य गर्दै सार्वजनिक नियुक्ति र सेवामा योग्यता तथा क्षमतालाई प्राथमिकता दिनुपर्छ । भ्रष्टाचारको छानबिन साना कर्मचारीदेखि उच्च राजनीतिक पदाधिकारीसम्म समान रूपमा लागू हुने कानुनी प्रक्रियाबाट हुनुपर्छ । भ्रष्टाचार नियन्त्रणको अभियान प्रभाव र निष्पक्षतामा आधारित हुनुपर्छ, राजनीतिक प्रतिशोधको माध्यम बन्नु हुँदैन ।

राजनीतिक परिवर्तनको वास्तविक मूल्यांकन नागरिकको आर्थिक अवस्थामा देखिनुपर्छ । लाखौं नेपाली रोजगारीका लागि विदेशिन बाध्य छन् । गाउँका खेतबारी बाँझिँदै छन्, साना उद्योग व्यवसाय कठिन अवस्थामा छन् र अर्थतन्त्र आयातमा निर्भर छ । यस्तो अवस्थामा कृषि, पर्यटन, जलविद्युत, सूचना प्रविधि, उद्योग र उद्यमशीलताको विकासलाई प्राथमिकता दिनुपर्छ । विदेशमा सीप र अनुभव हासिल गरेका नेपालीलाई स्वदेशमै लगानी गर्ने वातावरण बनाउनुपर्छ । युवालाई अनुदानको आश्वासन मात्र होइन, सीप, प्रविधि, बजार र पुँजीमा पहुँच दिनुपर्छ । देशभित्र उत्पादन र रोजगारीका अवसर विस्तार गर्न नसकिएसम्म वैदेशिक रोजगारीप्रतिको बाध्यता घटाउन कठिन हुनेछ ।

लोकतन्त्रमा सरकार जति महत्त्वपूर्ण हुन्छ, प्रतिपक्षको भूमिका पनि उतिकै आवश्यक हुन्छ । प्रतिपक्षको काम सरकारलाई असफल बनाउनु होइन, सरकारलाई जिम्मेवार बनाउनु हो । गलत निर्णयको विरोध गर्नु र राम्रा काममा रचनात्मक समर्थन गर्नु प्रतिपक्षको दायित्व हो । सरकारले पनि आलोचनालाई शत्रुताका रूपमा लिनु हुँदैन । स्वतन्त्र सञ्चारमाध्यम, निष्पक्ष न्यायपालिका, संवैधानिक निकाय र नागरिक समाजको भूमिका सुरक्षित रहनुपर्छ । बहुमत प्राप्त गर्नु भनेको निरंकुश हुने अधिकार प्राप्त गर्नु होइन । लोकतन्त्रमा जनताबाट प्राप्त अधिकारसँगै जनताप्रति उत्तरदायित्व पनि आउँछ ।

संघीयताको प्रभावकारिताबारे पनि नागरिकले जवाफ खोजिरहेका छन् । राज्यको सेवा र अधिकार जनताको नजिक पुऱ्याउने उद्देश्यले अपनाइएको संघीय व्यवस्था प्रभावकारी बनाउन प्रदेश र स्थानीय तहलाई आवश्यक अधिकार, स्रोतसाधन र जिम्मेवारी दिनुपर्छ । प्रदेश सरकारको भूमिका, खर्च र उपलब्धिबारे स्पष्टता हुनुपर्छ । प्रदेश संरचना राजनीतिक पद बाँडफाँटमा मात्र सीमित भयो भने संघीयताप्रति जनताको असन्तुष्टि बढ्न सक्छ । त्यसैले संघीयताको समीक्षा नाराका आधारमा होइन, सेवा प्रवाह, विकास र नागरिकले प्राप्त गरेको सुविधाका आधारमा हुनुपर्छ ।

अबको राजनीतिमा दलभित्र आन्तरिक लोकतन्त्र, नेतृत्व हस्तान्तरण, पारदर्शिता र जवाफदेहिताको अभ्यास आवश्यक छ । शिक्षा र स्वास्थ्यलाई नागरिकको पहुँचमा पुऱ्याउने, किसान तथा मजदुरका समस्या समाधान गर्ने, उद्यमीलाई प्रोत्साहन गर्ने र सरकारी खर्चमा पारदर्शिता कायम गर्ने काम प्राथमिकतामा पर्नुपर्छ । देश परिवर्तन गर्न प्रधानमन्त्री, मन्त्री वा राजनीतिक अनुहार फेरिएर मात्र पुग्दैन । शासन गर्ने सोच, काम गर्ने शैली र सार्वजनिक जवाफदेहिताको संस्कार पनि बदलिनुपर्छ ।

यसमा नागरिकको भूमिका पनि उतिकै महत्त्वपूर्ण छ । निर्वाचनका बेला जात, क्षेत्र, नाता, पैसा वा भावनात्मक नाराका आधारमा होइन, उम्मेदवारको क्षमता, इमानदारी र विगतको कामका आधारमा मत दिनुपर्छ । चुनाव जितेपछि पाँच वर्षसम्म प्रतिनिधिलाई प्रश्न नगरी बस्ने प्रवृत्ति बदलिनुपर्छ । जनप्रतिनिधिले गरेका प्रतिबद्धता पूरा भए कि भएनन् भनेर निरन्तर निगरानी गर्नुपर्छ । आफ्नो दल वा नेताले गलत काम गर्दा पनि त्यसको विरोध गर्न सक्ने नागरिक संस्कार नै लोकतन्त्रको आधार हो ।

नेपालले धेरै राजनीतिक आन्दोलन, सरकार र नेतृत्व देखिसकेको छ । व्यवस्था र संविधान बदलिएका छन्, सत्ता सञ्चालन गर्ने अनुहार पनि फेरिएका छन् । तर एउटा गरिब परिवार अझै छोराछोरीलाई गुणस्तरीय शिक्षा दिन संघर्ष गरिरहेको छ, बिरामी सामान्य उपचारका लागि भौंतारिनुपरेको छ, युवा रोजगारीका लागि देश छोड्न बाध्य छ र किसान उत्पादनको उचित मूल्य नपाएर निराश छ । यही वास्तविकता बदल्नु नै अबको राजनीतिका लागि सबैभन्दा ठूलो चुनौती हो ।

नयाँ नेतृत्वलाई काम गर्ने अवसर दिनुपर्छ, तर अन्धसमर्थन गर्नु हुँदैन । पुराना दलको ऐतिहासिक योगदानको सम्मान गर्नुपर्छ, तर उनीहरुलाई प्रश्न गर्न छोड्नु हुँदैन । नयाँ र पुराना राजनीतिक शक्तिबीच प्रतिस्पर्धा हुनुपर्छ, तर त्यो प्रतिस्पर्धा देशको विकास, सुशासन र जनताको जीवनस्तर सुधार्ने विषयमा केन्द्रित हुनुपर्छ ।

पाठक पत्र

तिहारको झिलिमिली र सडकको दुर्गन्ध

सम्पादकज्यू,

तिहार उज्यालोको पर्व हो । घर, आँगन र सहरलाई रंगीविरंगी बत्तीले सजाएर झिलिमिली बनाउने चाड । यतिबेला सहरका मुख्य चोक, बजार र सडकहरु रंगीन बत्तीले चम्किरहेका छन् । तर तिहारको यही झिलिमिलीभित्र एउटा विडम्बनापूर्ण दृश्य पनि देखिन्छ । माथि आकाशतिर फर्किएका बत्तीले सहरको सौन्दर्य बढाइरहँदा तल सडक र गल्लीमा थुप्रिएको फोहोरले दुर्गन्ध फैलाइरहेको छ । माथिको चमक र तलको फोहोरबीचको यो विरोधाभासले सहरको वास्तविक अवस्था उजागर गर्छ ।

सहर सुन्दर देखिनु भनेको सडकका दायाँबायाँ बत्ती झुन्ड्याउनु र भवन सजाउनु मात्रै होइन । सडक सफा हुनु, नाली दुर्गन्धरहित हुनु र सार्वजनिक स्थान स्वच्छ रहनु पनि उत्तिकै आवश्यक छ । माथिको झिलिमिलीले तलको दुर्गन्ध छोप्न सक्दैन । स्वच्छ वातावरणबिनाको सजावटले सहरको सौन्दर्य अधुरो रहेको सन्देश दिन्छ ।

उत्तरी मोरङको केराबारी बजारमा यस्तै विरोधाभासपूर्ण दृश्य देखिएको छ । बजारका माथिल्ला भाग रंगीविरंगी बत्तीले झकिझकाउ छन्, तर सडक र आसपासमा थुप्रिएको फोहोरले त्यसैलाई गिज्याइरहेको छ । यस्तो अवस्थामा स्थानीय सामाजिक अभियन्ता गोकुल थापा फोहोर सफा गर्न जुटेको दृश्य प्रशंसनीय छ । अल्झे झिलिमिली हेर्दै उत्सव मनाइरहँदा उनी भने त्यसको मुनि रहेको फोहोर हटाउन सक्रिय देखिनु नागरिक जिम्मेवारीको उदाहरण हो ।

समाज परिवर्तन भाषण र नाराले मात्रै हुँदैन, व्यवहारबाट सुरु हुन्छ । सहर सफा राख्ने जिम्मेवारी स्थानीय सरकारको मात्रै होइन, त्यहाँ बसोबास गर्ने प्रत्येक नागरिकको पनि हो । स्थानीय सरकारले नियमित फोहोर संकलन र व्यवस्थापनको व्यवस्था गर्नुपर्छ भने नागरिकले जथाभावी फोहोर फाल्ने प्रवृत्ति त्याग्नुपर्छ । सामाजिक अभियन्ता थापाको सक्रियताले यही साझा दायित्वको स्मरण गराएको छ ।

तिहारको उज्यालो घर र बजारमा मात्रै होइन, हाम्रो सोच र व्यवहारमा पनि फैलिनुपर्छ । माथि बत्ती बालेर तल फोहोर थुपार्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ । चाडपर्वमा गरिने सजावट क्षणिक हुन्छ, तर स्वच्छ वातावरणले दीर्घकालीन सुन्दरता दिन्छ । त्यसैले केराबारी बजारलाई सौंच्चिकै सुन्दर बनाउन झिलिमिली बत्ती मात्र होइन, सफा सडक, व्यवस्थित फोहोर व्यवस्थापन र जिम्मेवार नागरिक संस्कार पनि आवश्यक छ ।

- मादेन मगर, केराबारी

सामाजिक सञ्जाल

भीमफेदी दुर्घटनाबारे प्रतिक्रिया

गगन थापा : कांग्रेस सभापति

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले भीमफेदीको चिसापानीगढीमा भएको यात्रुवाहक गाडी दुर्घटनालाई हृदयविदारक घटना बताएका छन् । सामाजिक सञ्जालमार्फत शोक सन्देश जारी गर्दै उनले दुर्घटनामा ज्यान गुमाउनेहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेका छन् । मृतकका परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दै उनले यो असहय पीडा सहन सक्ने शक्ति मिलोस् भन्ने कामना गरेका छन् । साथै, दुर्घटनामा घाइते भएकाहरुको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् । छत पर्व मनाउन घर फर्किरहेका नागरिकको ज्यान गएको घटनाले आफू स्तब्ध र अत्यन्तै मर्माहत भएको उनको भनाइ छ ।

भीष्मराज आङदेम्बे : कांग्रेस संसदीय दलका नेता

नेपाली कांग्रेसका प्रमुख सचेतक तथा संसदीय दलका नेता भीष्मराज आङदेम्बेले दुर्घटनापछि शोक व्यक्त गर्नुका साथै सडक सुरक्षा प्रणाली सुधार्न सरकारको ध्यानाकर्षण गराएका छन् । उनले सवारीसाधनको प्राविधिक परीक्षण, यात्रुको विवरण अभिलेख र प्रहरी निगरानी प्रभावकारी बनाउनुपर्ने बताएका छन् । दुर्घटनामा परेको गाडीको अवस्था, यात्रु क्षमता र प्रहरी चेकपोस्टमा अद्यावधिक विवरण नराखिएको विषयमा निष्पक्ष छानबिन हुनुपर्ने उनको माग छ । दुर्घटनापछि छानबिन समिति गठन गर्ने तर प्रतिवेदन सार्वजनिक नगर्ने केही दिनपछि घटना बिर्सने सरकारी प्रवृत्ति अन्त्य हुनुपर्ने पनि उनले बताएका छन् ।

कांग्रेसको शुभकामना आदन प्रदान

दमक/ नेपाली कांग्रेस झापा क्षेत्र नं. ४ क्षेत्रीय समितिले विहिबार शिवगञ्जमा शुभकामना आदान-प्रदान कार्यक्रम गरेको छ ।

नेपालीहरूका चाडपर्व तिहार, छठ, नेपाल सम्वत, उद्यौली लगायतका चाडपर्वहरूको अवसर पारेर सो कार्यक्रममा आयोजित सो कार्यक्रममा बोल्दै नेताहरूले पार्टीमा केहि स्वार्थ नेताहरूको विधान विपरीत गतिविधिबाट अहिले कांग्रेस निकै संकटमा पुगेकाले त्यसलाई बचाउन इमान्दार ,सच्चा कार्यकर्ताहरू एक हुनुको बिकल्प नभएको औल्याएका थिए ।

पार्टीकी कोशी प्रदेश संयोजक गोमा भट्टराईले जबरजस्ती विशेष महाधिवेशन गरेर पार्टीलाई बिभाजितको अवस्थामा पुर्याएको आरोप लगाईन् ।

कार्यक्रमका विशेष अतिथी नेपाली कांग्रेस झापाका सभापति कृष्ण हुमागाँईले केन्द्रीय समितिको निर्णय बिपरित, निर्वाचित सभापतिको उपस्थिथि बिना एउटा जिल्ला सभापतिको सभपतित्वमा भएको भनिएको विशेष अधिवेशन प्रक्रिया बिपरित भएकोले सम्मानित सर्वोच्च अदालतले बदर गरेर १४ औं महाधिवेशनबाट निर्वाचित समितिलाई न्याय दिने बिश्वास व्यक्त गरे ।

कांग्रेसका बैचारिक नेता डाक्टर खगेन्द्र पाण्डव अधिकारीले दुइजना महामन्त्रीको अति महत्वकांक्षाले नेपाली कांग्रेसलाई ठूलो क्षती भएको हुँदा उनीहरूले राजीनामा गरेर पार्टीभित्र एकताको वातावरण बनाउनु पर्नेमा जोड दिए ।

अग्रज आदिवासी नेता सुर्यनारायण ताजपुरियाले पार्टीलाई कब्जा गरेर जना र कार्यकर्ताको मन र बिचार कब्जा गर्न नसकिने बताउदै दुइजना महामन्त्रीको गतिविधिले कांग्रेस पार्टीलाई ९० सिटबाट १८ सिटमा खुम्च्याएको आरोप लगाए ।

नेपाली कांग्रेस झापा ४ नं. क्षेत्रीय सभापति अधिकचन ताजपुरियाको सभापतित्वमा शिवजन्म जयताताचकस्थित टाइगर हलमा आयोजित सो कार्यक्रमलाई एमालेबाट निर्वाचित वडाध्यक्ष सिकिन पासवान, नेकपा जिल्ला सदस्य निशा लिम्बू, रास्वापाका टेकनाथ अधिकारी लगायतका वक्ताहरूले नेपालको पहिलो लोकतान्त्रिक पार्टी नेपाली कांग्रेसले हरेक राजनैतिक आन्दोलनको नेतृत्व गरेको हुँदा कांग्रेससँग राम्रा कुरा सिक्दै सहकार्य गरेर आफुहरू अघि बढन तयार रहेको बताउँदै नवनिर्वाचित नेतृत्वलाई बधाई तथा शुभकामना प्रकट गरेका थिए ।

शिवसताक्षी नगर सभापति रामकुमार दाहालले स्वागत मन्तब्य राखेको सो कार्यक्रमको सञ्चालन क्षेत्रीय सचिव हरि ढकाल गरेका थिए ।

तराईका जिल्लामा छठ पर्वको रौनक



दमक/ पूर्वी नेपालको तराईका जिल्लामा छठ पर्वको रौनक बढ्न थालेको छ । छठ नजिकिएसँगै घरआँगनदेखि नदी, खोला, पोखरी र सिँचाइका नहर किनारमा रहेका घाट सिँगार्ने काम सुरू भएको छ । छठका गीतले तराईका बस्ती गुञ्जायमान हुन थालेका छन् भने व्रतालुहरु पूजाका सामग्री जुटाउन व्यस्त हुन थालेका छन् ।

झापाका मेची नदीकिनार, विर्तामोडको अदुवाखोला, माई नदीका किनार, दमकमो रतुवा मावा किनार गौरादह, गौरिगञ्ज लगायतका स्थान छठकोलागि बेहुली झैं सिँगारिएका छन् । झापामा छटको तयारी तिव्र पारिएको छ । यसैगरी सुनसरीको सप्तकोशी नदी किनार, इटहरीको बूढीखोला, विराटनगरको सिङ्घिया खोलालगायत पूर्वी नेपालका विभिन्न नदी तथा जलाशयमा छठ पूजाका लागि घाट सरसफाइ, सजावट र व्यवस्थापनको काम भइरहेको छ ।

इटहरीस्थित बूढीखोलाको गङ्गा जमुना मुक्तिघाटमा क्षेत्रमायस वर्ष छठ पूजाका लागि घाट तयार गरी व्रतालुलाई हस्तान्तरण गर्ने काम भइरहेको छठ पर्व सेवा समिति इटहरीका अध्यक्ष बासुदेव कर्णले बताए । त्यस्तै रामधुनी नगरपालिकाको भुम्कास्थित सुनसरी(मोरङ सिँचाइ आयोजनाको नहरमा पनि छठ पर्व मनाउन तयारी थालिएकोश्री छठ माता सेवा समिति रामधुनीले जनाएको छ ।

श्री छठ माता सेवा समिति रामधुनीका अध्यक्ष मिलन रौनियारका अनुसार भुम्का नहर किनारमा १६५ वटा पूजाघाट निर्माण गर्ने काम भइरहेको छ । उहाँका अनुसार पूजा गर्न करिब पाँच सय परिवार सहभागी हुने छन् । घाट निर्माण, सरसफाइ, सजावट तथा अन्य व्यवस्थापकीय काम अघि बढाइएको समितिका अध्यक्ष रौनियारले बताए ।

छठको पहिलो दिन व्रतालुहरुले स्नान गरी शुद्ध भोजन ग्रहण गर्नेछन् । सोही दिन बिहान ८ बजेदेखि भुम्का बजारमा कलश यात्रा निकालिने कार्यक्रम रहेको समितिले जनाएको छ ।

पर्वको दोस्रो दिन शनिबार खरना विधि गरिनेछ । तेस्रो दिन आइतबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ दिइनेछ भने चौथो दिन सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ दिएपछि छठ पर्व समापन हुनेछ ।

अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ दिँदै सूर्यदेव तथा छठी माताको पूजा गर्ने परम्परा रहेको बताइएको छ । छठ पर्वमा विशेषगरी व्रतालुहरुले निराहार तथा निर्जला व्रत बसेर श्रद्धा र भक्तिपूर्वक पूजा गर्ने गर्छन् । ठेकुवा, कसार, फलफूल, नरिवल, उखु, केरा, भोगटेलगायतका प्रसाद सूर्यदेव तथा छठी मातालाई अर्पण गरिन्छ ।

पर्वका अवसरमा व्रतालुहरुले परिवारको सुख, शान्ति, सुस्वास्थ्य, सन्तान प्राप्ति तथा सन्तानको दीर्घायु र समृद्धिको कामना गर्दै अस्ताउदो र उदाउँदो सूर्यको पूजा गरी अर्घ दिएर छठ पर्व मनाउने गर्छन् ।

तराई र मधेशका समुदायले मनाउँदै आएको छठ पर्व पछिल्लो समय सबै जातजाति र समुदायको साझा पर्वका रुपमा विस्तार हुँदै गएको छ । मनोकामना पूरा हुने र भाकल पूरा भएपछि छठी माताको पूजा गर्ने धार्मिक विश्वासका कारण पर्वप्रति सबै समुदायको आकर्षण बढ्दै गएको छ । धार्मिक आस्था र परम्परासँगै सामाजिक सद्भाव र सांस्कृतिक एकताकोरुपमा छठको महत्व बढ्दै गएको छ ।

दशैं-तिहारमा नेपाली चलचित्रको व्यापार

बक्स अफिसमा सीमित सफलता



दमक । नेपाली चलचित्र क्षेत्रले दशैं र तिहारलाई वर्षकै मुख्य व्यापारिक अवसरका रुपमा लिने गरेको छ । लामो बिदा, पारिवारिक जमघट र मनोरञ्जनका लागि दर्शकसँग हुने समयलाई लक्षित गर्दै निर्माताले ठूला बजेटका चलचित्र यही अवधिमा प्रदर्शन गर्छन् । तर पछिल्ला दुई वर्षको बक्स अफिस तथ्यांकले चाडपर्वको समय हुँदैमा चलचित्रले अपेक्षित व्यापार गर्छन् भन्ने मान्यता कमजोर हुँदै गएको देखाउँछ ।

चलचित्र विकास बोर्डको बक्स अफिस विवरणअनुसार २०८३ सालको दशैंमा प्रदर्शन भएका चार चलचित्रले कात्तिक १५ सम्म २२ सम्मको तथ्यांक अनुसार २२ करोड ६५ लाख रूपैयाँमन्दा बढीको कारोबार गरेका थिए । यसमध्ये 'कबड्डी ५' को हिस्सा मात्रै झन्डै आधा थियो । अघिल्ला भागको सफलताका आधारमा ठूलो अपेक्षा गरिएका 'आ बाट आमा २', 'छ माया छपक्कै २' र '१२ गाउँ २' ले भने दर्शकको अपेक्षाअनुसार व्यापार गर्न नसकेको समाचारमा उल्लेख छ ।

'कबड्डी ५ : आफ्टर द फाइनल ह्याच' ले १० करोड ७६ लाख ७३ हजार रूपैयाँ कमाउँदै सबैभन्दा बढी दर्शक तान्यो । तीन लाख ४६ हजारभन्दा बढी टिकट बिक्री भएको यो चलचित्रको कमाइले दशैंको कुल व्यापारमा झन्डै आधा हिस्सा ओगटेको थियो । 'आ बाट आमा २' ले ६ करोड २४ लाख, 'छ माया छपक्कै २' ले तीन करोड ३४ लाख र '१२ गाउँ २' ले दुई करोड २९ लाख रूपैयाँ कमाएका थिए ।

अघिल्ला भागको सफलताले सिक्वेलको व्यापार सुनिश्चित गर्दैन भन्ने तथ्य यसपटकको बक्स अफिसले देखाएको छ । 'आ बाट आमा' को पहिलो भागले १३ करोड २० लाख कमाउँदा दोस्रो भागको कमाइ आधाभन्दा कम रह्यो । 'छ माया छपक्कै' को पहिलो भागले करिब नौ करोड ९२ लाख कमाएको थियो भने दोस्रो भाग तीन करोड ३४ लाखमै सीमित भयो । त्यस्तै, पहिलो भागबाट करिब १९ करोड ९२ लाख कमाएको '१२ गाउँ' को दोस्रो भागले दुई करोड ३० लाख पनि पुऱ्याउन सकेन । यसले दर्शकलाई चलचित्रको नाम, कलाकार वा अघिल्लो सफलताको प्रभावले मात्र हलसम्म ल्याउन नसकिने देखाउँछ ।

पछिल्ला तीन वर्षको दशैं व्यापार तुलना गर्दा उतारचढाव अझ स्पष्ट हुन्छ । २०८१ को दशैंमा प्रदर्शन भएका तीन चलचित्रले झन्डै ३९ करोड रूपैयाँ कमाएका थिए । २०८२ मा दशैंमा प्रदर्शन भएका चलचित्रको कुल व्यापार करिब १५ करोडमा सीमित भयो । यस वर्ष भने चार चलचित्रले २२ करोड ६५ लाखभन्दा बढी कमाएका छन् । यद्यपि यस वर्षको व्यापारमा 'कबयी ५' को बलियो उपस्थितिले समग्र आँकडा उकासेको देखिन्छ ।

तिहारमा प्रदर्शन भएका चलचित्रको व्यावसायिक नतिजा भने अझै स्पष्ट भइसकेको छैन । कात्तिक २० गते 'पाँच पाण्डव', 'माया भनेकै यस्तो होला' र 'जिरो डिग्री' प्रदर्शनमा आएका थिए भने कात्तिक २६ देखि 'बादुलो जून' प्रदर्शनमा आएको छ । कात्तिक २२ सम्मको चलचित्र विकास बोर्डको तथ्यांकमा यी नयाँ चलचित्रको छुट्टाछुट्टै कमाइ समावेश नभएकाले तिहारको व्यापारबारे अहिले नै निष्कर्ष निकाल्न सकिँदैन ।

तिहारमा नेपाली चलचित्रले विदेशी चलचित्रसँग पनि प्रतिस्पर्धा गर्नुपरेको छ । नोभेम्बर ६ देखि १२ सम्म ५१ हलमा चलेका ११ चलचित्रका दुई हजार १३२ शोमध्ये भारतीय चलचित्र 'रामायण' ले मात्रै एक हजार ३५३ शो पाएको थियो । त्यस अवधिमा 'कबयी ५' ले २८१ र 'पाँच पाण्डव' ले २०० शो पाएका थिए । यसले नेपाली चलचित्रले आँ नै बजारमा विदेशी चलचित्रसँग प्रदर्शन समय र दर्शकका लागि प्रतिस्पर्धा गर्नुपर्ने अवस्था देखाउँछ ।

चलचित्रको व्यापार घट्नुमा एकै समयमा धेरै चलचित्र प्रदर्शन हुनु, कमजोर कथावस्तु, सिक्वेलप्रतिको दर्शकको घट्दो आकर्षण, आर्थिक अवस्था र मनोरञ्जनका वैकल्पिक माध्यमको प्रभावजस्ता पक्ष जिम्मेवार हुन सक्छन् । त्यसैले दशैं-तिहारको बिदालाई मात्र सफलताको आधार मान्ने प्रवृत्तिभन्दा विषयवस्तु, निर्माणको गुणस्तर, प्रचारप्रसार र प्रदर्शन व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ । चाडपर्वले दर्शकलाई हलसम्म आउने अवसर दिन्छ, तर चलचित्र सफल बनाउने आधार अन्ततः त्यसको कथावस्तु र प्रस्तुति नै हो ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

पानासोनिक
इलेक्ट्रोनिक्सका चल्ते,
दमक-८, झापा
विगत दुई दशक
उपाधीदेखि तपाईहरुको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सबै ब्रेटेलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, टेविलिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलझ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तथार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) तोकिएका हरिपटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१९३१/०२३-५८३१४७

SHREE RATNA JEWELLERY
दमक-६, शंखधरचोक, झापा
छापावाल सुन बिक्री दर 2,72,200/
चाँदी बिक्री दर 3715/-
हिजोको सुनचाँदीको दरभाउ
शुद्धताको ग्यारेन्टीसहित यहाँ आधुनिक तथा पोरागिक आकर्षक डिजाईनका सुनचाँदीका गरगहनाहरु बनाउनुका साथै शुपथ मूल्यमा खरिद-बिक्री गरिन्छ ।
सुरक्षित शेफ लकरको आवश्यकता परेमा पनि हामीलाई सम्झनुहोला ।
सम्पर्क: ९८१५९९६३१५
9815996315

स्वास्थ्य

चिसोमा स्वस्थ रहन के गर्ने ?



हाम्रा बुढापाकाले भन्ने गरेको एउटा उखानै छ नि, तन्नेरीजति बाघलाई, बुढापाका माघलाई । माघ महिना पनि सुरू भइसकेको छ । त्यसैले यो माघे जाडोमा स्वस्थ रहन यस्ता उपायहरु अपनाउन सकिन्छ ।

चिया पिउनुहोस्

चिया मन नपराउनेहरु शायदै होलान् । त्यसमा पनि यो चिसो मौसममा तातो चिया पिउनुको मज्जा नै बेग्लै । अध्ययनहरुका अनुसार निरन्तर चिया पिउने मानिसका नसाहरु स्वस्थ हुन्छन् र उनीहरुलाई मुटुको रोग लाग्ने जोखिम कम हुन्छ । त्यसैले चिया पिउनुहोस् ।

क्वाँटी खानुहोस्

यो चिसो मौसममा क्वाँटी खानुभयो भने स्वास्थ्यमा धेरै राम्रो हुन्छ । सकेसम्म रेसादार खाद्यान्न, बोडी, प्याज, लसुन, अदुवा राख्न नबिर्सनुहोस् है ।

ठिक्कको खाना खानुहोस्

जाडोमा धेरै खाना खाए पनि पच्छ भनेर धेरै खाने चलन छ । तर, त्यसो गर्नु गलत हो । स्वास्थ्यका लागि कम खानु नै उपयुक्त हुन्छ । त्यसैले ठिक्क खानुहोस् ।

घरका काममा व्यस्त रहनुहोस्

जाडोमा मानिसहरु शारीरिक व्यायाम निकै कम गर्छन् । त्यसैले सकेसम्म घरको काममा व्यस्त रहनु नै उत्तम हुन्छ ।

तरकारी र फलफूल खानुहोस्

अंगुर, किवी, सुन्तलाजस्ता फलफूल प्रशस्त मात्रामा खानुहोस् । यस्तै, तरकारीमा ब्रोकाउली, फूलगोभी, गाँजर, मूला, सागजस्ता तरकारीहरु नियमित सेवा गर्दा राम्रो हुन्छ ।

हिंड्दा छिटो हिंड्नुहोस्

घरबाहिर हिँड्दा सकेसम्म छिटोछिटो हिँड्ने गर्नुहोस् । छिटो हिँड्दा शरीर ताप्छ । मांसपेशीहरु सक्रिय रहन्छन् । अनि तपाईंका सबैजसो ज्ञानेन्द्रिय पनि सक्रिय रहन्छन् । त्यसैले जाडो भयो भनेर नबस्नुहोस् ।

प्रेरक भनाईहरु

१. हाम्रो सबैभन्दा ठूलो कमजोरी बिचैमा छोड्नु हो । सफल हुने सबैभन्दा पक्का उपाय हो, अझ एक पटक गर्नु । - थोमस एडिसन

२. स्वास्थ्य सबैभन्दा ठूलो उपहार हो, सन्तुष्टि सबैभन्दा ठूलो सम्पती हो, विश्वास सबैभन्दा उत्तम सम्बन्ध हो । - गौतम बुद्ध

३. हाम्रो महानता कहिल्यै नखरुमा होइन, बरु प्रत्येक खसाइ पछी उठनुमा हुन्छ । - कन्फ्युसियस

४. बिना साहस तिमीले यो संसारमा केही गर्न सक्दैनौ । यो जीवनको महानतम गुण हो । - अरस्तु

५. संघर्ष जती कठिन हुनेछ, सफलता उती नै सानदार हुनेछ । — थोमस पेन

६. जिवनको दुःखान्त यो होइन कि तपाईले लक्ष्य पूरा गर्न सक्नुभएन बरु यो हो कि तपाई सँग पूरा गर्नका लागि कुनै लक्ष्य नै थिएन । — बेन्जामिन मेस

७. कुनै पनि मानिस आफ्नो कर्मद्वारा महान हुन्छ, जन्मद्वारा होइन । — चाणक्य

८. पहिले उनीहरुले तिमीलाई ध्यान दिनेछैनन्, त्यसपछी तिमीउपर हास्नेछन्, त्यसपछी तिमी बिरुद्ध लड्नेछन् र तिमीले जित्नेछौ ।
— महात्मा गान्धी

९. म जिन्दगीमा पटक पटक असफल भए यसैले त आज म सर्वाधिक सफल हुन सके ।
— माइकल जोर्डन

१०. तिमी अरुको भावनासँग कहिल्यै नखेल्नु, यस खेलमा तिमीले जित्न त जितौला तर त्यहा कसैलाई जीवनभर गुमाउने जोखिम हुन्छ । -शेक्सपियर, विलियम

११. विश्वले दुःख भोग्नुको कारण खराब मानिसको आतंक नभइ असल मानिसको मौनता हो । — बोनापार्ट, नेपोलियन

दैनिक राशिफल

आज निति २०८३ साल कात्तिक २८ गते शनिबार
14 Nov. 2026
तिथि: पञ्चमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : चन्द्रागढ मोड, सगरनाथा अंचल निजमा, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८९/९८१७००५१६५

मेष च चे लो ला लि लँ ले लो अ
रोजगारीको अवसर ।
माता, पिताको सहयोग ।

वृष इ उ ए ओ वा वि वु वे वो
आफन्तबाट धोका ।
अध्ययनमा मनले रुचि बढ्ने ।

मिथुन का कि कु घ ङ छ के को हा
मित्रहरु दाहिना होलान् ।
नयाँ वस्त्र धारण ।

कर्कट च चे लो ला लि लँ ले लो अ
अध्ययन क्षेत्रमा सुधार
आय स्रोत बढेने जाने ।

सिंह मा मि मु मे मो टा टि टु टे
कारोबारमा सफलता ।
अतिथि सत्कार ।

कन्या टो प पी पँ ष ण ठ पे पो
कारोबारमा सफलता ।
पराक्रम बढ्ने ।

तुला हि ह्र हे हो डा डि डु डे डो
असल मानिसको सहयोग ।
धर्मकर्ममा रुचि बढ्ने ।

वृश्चिक तो ना नि नँ ने नो या यि यु
मनमा अशान्ति ।
शारीरिक कष्ट ।

धनु य यो भा भी भ धा फा ढ भे
गरेका कामहरुमा सफलता
आफन्तमा मने मनमुटाव ।

मकर भो ज्ञा जी खि खु खे खो गा गी
मानसम्मान बढ्ने ।
लेनदेनमा मने सतर्कता ।

कुम्भ गँ गे गो सा सी सँ से सो द
आफन्तबाट धोका ।
आर्थिक क्षेत्र मध्यम ।

मीन दि दु ध झ ञ दे दो चा ची
परिश्रम बढी गर्नुपर्ला ।
भ्रमणको योग ।

फाल्गुनन्द शाकोसको प्रतिवेदन सार्वजनिक



दमक/फाल्गुनन्द बचत तथा ऋण सहकारी संस्थाले आसन्न १५ औं वार्षिक साधारणसभामा प्रस्तुत गरिने वार्षिक प्रतिवेदन सार्वजनिक गरेको छ । दमक १ हवल्दार चौकमा मुख्य कार्यालय रहेको संस्थाको कार्यालयमा शुक्रवार संक्षिप्त कार्यक्रम गरि सञ्चालक समितिको प्रतिवेदन पुस्तिका सामूहिक रूपमा सार्वजनिकरण गरिएको हो ।

प्रतिवेदन पुस्तिकाको संस्थाका अध्यक्ष पदम लिङदेन (संकल्प), उपाध्यक्ष फूलमाया आङदेम्बे, संस्थाका सल्लाहकार संयोजक जगनध्वज जवेगु, लेखा सुपरीवेक्षण समितिका संयोजक बीरबहादुर लावती, व्यवस्थापक कुवेर तुम्बापो लगायतले सार्वजनिकरण गरेका थिए । कार्यक्रममा संस्थाका अध्यक्ष लिङदेनले संस्थाको अवस्था, भावी कार्ययोजनाका विषयमा जानकारी गराएका थिए । संस्थाले कार्तिक ३० गते वितोमोड सेवा केन्द्रबाट इकाई गत साधारण सभा गरि मंसीर ५ गते दमकको पशुपति मन्दिरको समाहलमा माइन्यूट प्रमाणिकरण सभा गरि यस वर्षको साधारणसभा सम्पन्न गरिने अध्यक्ष लिङदेनले जानकारी दिए ।

संस्थाका लेखा सुपरीवेक्षण समितिका संयोजक लावतीले प्रतिवेदनमा भएका मुख्य विषयहरू र आगामी दिनमा गर्न सकिने कार्ययोजना सुनाएका थिए ।

झापासहित मोरङको उर्लावारी नगरपालिका र इलामको चुलाचुली गाउँपालिका कार्यक्षेत्र रहेको सो संस्थाले दमकसहित जिल्लाको वितामोड , शिवसताक्षी र उर्लावारीमा सेवा केन्द्र सञ्चालन छन् ।

समापन सभामा सहकारीमा कारोवार गर्ने उत्कृष्ट शेयर सदस्यहरूलाई सम्मान तथा पुरस्कार प्रदान गरिने कार्यक्रम रहेको व्यवस्थापक कुवेर तुम्बापोले बताए ।

उनका अनुसार इकाईगत साधारण सभा अन्तर्गत मंसीर २ गते झिलझिले सेवा केन्द्र र ३ गते उर्लावारी सेवा केन्द्रमा आवद्ध शेयर सदस्यहरूलाई लक्षित गरि सभा सम्पन्न हुने छन् । २५५४ जना शेयर सदस्यहरु आवद्ध रहेको संस्थाको शेयर पूंजी ४ करोड ५५ लाख ६९ हजार ,क्रोष हिसाब २ करोड ९४ लाख ७७ हजार ७स५ ५ , बचत हिसाब १९ करोड ६९ लाख ५४ हजार २ सय ९९, कर्जा लगानी ९९ करोड २४ लाख २४ हजार १४ रूपैया रहेको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदन सार्वजनिकरण कार्यक्रममा संस्थाका सञ्चालक समिति, लेखा समिति, शेयर सदस्य तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो । संस्थाले समितिको एक कार्यकालमा संस्थाको हितार्थ कलम चलाउने एकजना पत्रकारलाई सम्मान गर्ने गरेको छ । जस अनुसार यसपटक दमकलाई कर्मथलो बनाएर पत्रकारितामा सक्रिय रहँदै आएका पत्रकार अनिलदेव राईलाई सम्मान गर्ने निर्णय भएको जनाइएको छ ।

वन क्षेत्र.....

विषय हुन सक्छ । तर शव भेटिएको स्थान नै घटना भएको ठाउँ हो भन्ने मान्न सकिँदैन । त्यसैले घटनाको प्रकृति र वास्तविक कारण पत्ता लगाउन वैज्ञानिक अनुसन्धान आवश्यक छ ।

सबैभन्दा महत्वपूर्ण प्रश्न भनेको केराबारी, लेटाङ र बेलबारीमा पछिल्लो एक दशकमा कति हत्या, आत्महत्या, शंकास्पद मृत्यु र बेवारिसे शव भेटिए भन्ने हो । जिल्ला प्रहरी कार्यालय मोरङ र कोशी प्रदेश प्रहरीसँग वडा तथा वर्षगत तथ्यांक सार्वजनिक गर्नुपर्ने माग उठाउन आवश्यक छ । कति घटनामा हत्या पुष्टि भयो, कति आत्महत्या थिए, कति अझै अनुसन्धानमै छन् र कति शवको पहिचान खुलेन भन्ने विवरण सार्वजनिक हुनुपर्छ ।

केही घटनाको पुनरावृत्तिले मात्रै उत्तरी मोरङमा हत्या वा आत्महत्या बढी हुन्छ भन्ने निष्कर्ष निकाल्न सकिँदैन । तर वन क्षेत्रमा पटकपटक शव भेटिनु र घटनाको वास्तविकता सार्वजनिक नहुनुले सुरक्षा निगरानी तथा अनुसन्धान प्रणालीमाथि प्रश्न उठाएको छ । नागरिकको सुरक्षा सुनिश्चित गर्न प्रहरी गस्ती, वन क्षेत्रको निगरानी, बेपत्ता व्यक्तिको खोजी र शंकास्पद मृत्युको निष्पक्ष अनुसन्धानलाई प्रभावकारी बनाउनु आवश्यक देखिन्छ ।

हात्तीको.....


राति उक्त बथान गाउँ पस्ला भनेर स्थानीयवासीमा त्रास फैलिएको छ । हात्तीले आश्रय लिएको झाडी पूर्वको भारतीय बस्तीमा रहेका ५८ परिवारका सदस्यले बिहानैदेखि घर छाडेका छन् । ज्यान जोगाउन घर छाडेका भारतीय बस्तीका बासिन्दामध्ये कोही नेपालतिरका घरमा आश्रय लिएर बसिरहेका छन् भने कोही नेपालको घुमाउरो बाटो भएर भारततिरै गएका छन् ।

जिल्ला प्रशासन कार्यालय झापाले मेचीनगर-४ को प्रसाद गौडाबाट नेपालतर्फ प्रवेश गर्न लागेको हात्तीको बथानलाई रोक्न बुधबारदेखि नै सीमा क्षेत्रमा सुरक्षाकर्मी परिचालन गरिएको जनाएको थियो । मेचीनगर-४ को बाहुनडाँगी सीमा क्षेत्रबाट नेपाल प्रवेश गर्न नपाएको हात्तीको बथान त्यहाँबाट बाटो बदलेर लगभग पाँच किलोमिटर दक्षिण मेची पुलमुनिबाट मेचीनगर-७ मा स्थानान्तरण भएको छ ।

भारतीय भूभागबाट हात्ती नेपाल प्रवेश गरेर स्थानीयवासीको घर भत्काउने र पाकेको धान खाने गर्न थालेपछि भारततर्फ हात्ती फर्काउन सुरक्षा सतर्कता उच्च पारिएको प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले जानकारी दिए । हात्तीको प्रवेशलाई पूर्णरूपमा रोक्न र सम्भावित क्षति जोगाउन सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, डिभिजन वन कार्यालयका वन रक्षक, न्यापिड रेस्पोन्स टिमलगायत विभिन्न संघसंस्था र स्थानीय किसानहरु सक्रिय भएका छन् ।

यसैबिच झापाको बुद्धशान्ति गार्उपालिका -२ मा जंगली हात्तीले मोटरसाइकलमाथि आक्रमण गर्दा चालक गम्भीर घाइते भएका छन् । शुक्रवार बिहान ५:१० बजे बुद्धशान्ति -२ बिहानी टोलस्थित भित्री बाटोमा बिहानी टोलबाट बुधबारेतर्फ आउदैगरेको मे.३ प. ६८६७ नम्बरको मोटरसाइकललाई सोही ठाउँमा रहेको तीन तले सामुदायिक वनबाट आएको जंगली हात्तीले आक्रमण गरेको थियो । हात्तीको आक्रमणबाट मोटरसाइकल चालक सोही ठाउँ बस्ने बर्ष ५६ का डिल्लीबहादुर पौडेल घाइते भएका छन् । घाइतेलाई उपचारको लागि बिएण्डसी अस्पताल बिर्तामोड लगिएको प्रहरीले जानकारी गराएको छ ।

जेन्सेन हुआङले दिए राजीनामा



एजेन्सी/ चिनियाँ जासुसीसँग जोडिएको आरोप र दुई महिलासँगको विवाहेतर सम्बन्ध सार्वजनिक भएपछि एनभिडियाका प्रमुख कार्यकारी अधिकृत जेन्सेन हुआङले राजीनामा दिएका छन् । उनको राजीनामासँगै कम्पनीमा ३३ वर्ष लामो नेतृत्वको अन्त्य भएको छ । यस घटनाले विश्वकै अग्रणी कृत्रिम बौद्धिकता (एआई) प्रविधि कम्पनी एनभिडियाको भविष्य र अमेरिकी प्रविधि उद्योगमा अनिश्चितता थपेको छ ।

राजीनामाको खबर सार्वजनिक भएपछि एनभिडियाको सेयर मूल्य सुरुमा १३ प्रतिशतसम्म घटेको थियो । कम्पनीको बजार पुँजीकरणमा करिब ४५ खर्ब अमेरिकी डलर बराबरको गिरावट आएको विवरण सार्वजनिक भएको छ । ६३ वर्षीय हुआङले प्रमुख कार्यकारीसँगै सञ्चालक समितिको सदस्य पदसमेत छाडेका छन् ।

प्रमुख वित्तीय अधिकारी कोलेट क्रेसले अन्तरिम प्रमुख कार्यकारीको जिम्मेवारी सम्हाले भएकी छन् । सन् २०२२ मा च्याटजीपीटी सार्वजनिक भएपछि तीव्र विस्तार भएको कृत्रिम बौद्धिकता (एआई) उद्योगमा हुआङ प्रमुख व्यक्तित्वका रुपमा स्थापित भएका थिए । भिडियो गेमका लागि ग्राफिक्स बनाउने प्रोसेसर उत्पादनबाट सुरू भएको एनभिडिया एआई मोडेल निर्माणका लागि आवश्यक चिपको प्रमुख आपूर्तिकर्ता बनेको थियो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका अनौपचारिक सल्लाहकारसमेत रहेका हुआङले चीनमा उन्नत एआई चिप बिक्रीमा लगाइएको प्रतिबन्धको विरोध गर्दै आएका थिए । विवादका बीच राष्ट्रपति ट्रम्पले एप्पलका पूर्वप्रमुख टिम कुकलाई एनभिडियाको नेतृत्वका लागि उपयुक्त उम्मेदवार बताएका छन् ।

उता, सञ्चालक समितिले सिनोफिसिका पूर्वप्रमुख हार्वी जोन्सलाई अध्यक्ष नियुक्त गरेको छ । हुआङले सिङ्गापुरस्थित डाटा सेन्टर कम्पनी मेगास्पिडकी पूर्वकार्यकारी एलिस हुआङसँग सम्बन्ध रहेको स्वीकार गरेका थिए । अमेरिकी गुप्तचर निकायले एलिस चीनको राज्य सुरक्षा मन्त्रालयसँग सम्बन्धित व्यक्ति भएको आरोप लगाए पनि चीनले त्यसलाई अस्वीकार गरेको छ ।

सिङ्गापुरले भने मेगास्पिडसम्बन्धी अनुसन्धानमा गलत जानकारी दिएको भन्दै एलिसलाई गत फेब्रुअरीमा पुनः देश प्रवेशमा प्रतिबन्ध लगाएको जनाएको छ । तर उनीमाथि जासुसीको अनुसन्धान नगरिएको स्पष्ट पारेको छ । यसैबीच, 'द न्युयोर्क टाइम्स' ले एनभिडियाकी उपाध्यक्ष किम्बर्ली पावेलसँग पनि हुआङको अर्को सम्बन्ध रहेको दाबी गरेको छ ।

सञ्चालक समितिले हुआङ विदेशी गुप्तचर निकायको निशानामा परेको हुन सक्ने विषयमा अनुसन्धानसमेत सुरू गरेको थियो । अमेरिका र चीनबीच अत्याधुनिक प्रविधिमा वर्चस्व कायम गर्ने प्रतिस्पर्धा चलिरहेका बेला यो विवाद सार्वजनिक भएको हो । अमेरिकी सांसदहरूले हुआङ र चिनियाँ गुप्तचर निकायबीचको सम्भावित सम्बन्धबारे ट्रम्प प्रशासनसँग स्पष्टीकरण मागेका छन् ।

मेगास्पिडमार्फत प्रतिबन्धित एनभिडिया प्रविधि चीन पठाइएको हुन सक्ने आशंकासमेत उठेको छ । सिङ्गापुरले यस विषयमा अमेरिकी न्याय मन्त्रालय र एफबिआईसँग पटकपटक जानकारी माग्दा सीमित सहयोग मात्र प्राप्त भएको जनाएको छ ।

इटहरीमा छठ कलश शोभा यात्रा

इटहरी/धार्मिक महत्व बोकेको इटहरी र सुन्दरहरैचाको संगम स्थल वृद्ध गंगा नदी तटमा मनाइने छठ पर्वको अवसरमा धार्मिक कलश शोभा यात्रा इटहरीमा विविध कार्यक्रम गरी सम्पन्न गरेको छ । कार्तिक शुक्ल चतुर्दसी देखि सप्तमी पाँच दिन सम्म मनाइने छठ पर्वको अवसर पारेर बुढीगंगा मुक्ति घाट (वृद्ध गंगा नदी) तटमा मनाइने छठ पर्वलाई लक्षित गरि कलश शोभा यात्रा निकालिएको हो ।

इटहरी उपमहानगरपालिकाका नगरप्रमुख हेमकर्ण पौडेलसहित वडाअध्यक्ष, जनप्रतिनिधिलगायत विभिन्न जातजाति, धार्मिक व्यक्तित्व, संघसंस्थाका भक्तजनहरूले भर्नाकीसहितको सहभागितामो कलश शोभा यात्रामा सहभागी भएका थिए ।

सूर्य देवताको उपसना गरी मनाइने छठ पर्व श्रद्धा र निष्ठाको पर्वका रूपमा मनाउने गरिन्छ ।

सोही अवसर पारेर सुनसरीको इटहरीमा रहेको राधाकृष्ण शिव मन्दिरबाट झाँकी सहितको कलश शोभा यात्रा निकालिएको थियो ।

सुनसरी र मोरगं जिल्लालाई छोड्ने पुर्व पश्चिम राजमार्ग संगैको बुढिगंगा जमुना मुक्तिधाम क्षेत्रको नदि तटमा समानता र एकताको पर्वको रूपमा छठपर्व विशेष धुमधामका साथै विगत ३५ वर्ष देखि मनाउने गरिएको छ ।

छठ पर्व केन्द्रित कलश शोभामा नौमती बाजा, ब्याण्ड बाजा, धार्मिक झाँकी सहित इटहरीको मुख्य बजार क्षेत्र हुदै छठ पुजाका लागि तयार गरिएको वृद्ध गंगा नदिको कार्यक्रम (मोरङको सुन्दरहरैचा नगरपालिका क्षेत्रमा) कलश शोभा यात्रामा सहभागी संघ संस्थाहरूलाई सम्मानसमेत गरिएको छ ।

छठपर्व सेवा समितिका अनुसार कलश शोभा यात्रामा भक्तजनहरुको उत्साहपूर्ण सहभागिता रहेको बताए ।

आगामी ३० गते सौंझ सूर्य अस्त र ३१ बिहान उदाउदो सुर्यलाई अर्घका लागि सम्पूर्ण तयारी पूरा भएको बताए । समितिले दिएको जानकारी अनुसार सो नदी तटमा ६ सय बढी स्टलहरू निर्माण गरिएको र बुकिङसमेत खुल्ला गरिएको जानकारी दिएको छ । आर्थिक अवस्था कमजोर भएकाहरुका लागि निःशुल्कको व्यवस्था पनि गरिएको छ ।

त्यस्तै समितीका सचिवले वृद्ध गंगा नदिको पवित्रताले गर्दा पनि छठ पर्व गर्नेहरूको संख्या हरेक वर्ष बढी रहेकोले ६ सय पुजा घाट निर्माण गरि वितरण गरिसकेको बताए उनले यस वर्ष विविध कारणले घाट निर्माणमा समस्या आए पनी पुरा गर्न सफल भएको र शान्ति सुरक्षालाई व्यवस्थीत बताएको बताए ।

शोभा यात्रामा बह्मकुमारी राजयोग सेवा केन्द्र, राधेश्याम सेवा ट्रष्ट, नैंया विन्दावन गौशाला, इस्कोन इटहरी, राधाकृष्ण शिव मन्दिर, कलुवार सेवा समाज, संयुक्त खस केन्त्री नेपाल, मुस्लिम समाज, हलुवाई सेवा समाज,नेपाल, नाई संघ, सुडी समाज, लगायतको विभिन्न संस्थाहरूको झाँकी सहित भव्य सहभागिता रहेको थियो ।

आर्थिक.....

र पछि क्यान्सर भएको चिकित्सकले पुष्टि गरेको परिवारले जनाएको छ ।

छोरीको उपचारका लागि बिर्तामोड र भद्रपुरका विभिन्न अस्पताल पुऱ्याउँदा परिवारले आफ्नो भएको सम्पत्तिसमेत खर्च गरिसकेको आमा सुमित्रा राईले बताइन् । तर, उपचार अझै पूरा नभएकाले थप लूलो रकम आवश्यक परेको उनको भनाइ छ ।

पेसाले मिस्त्री रहेका एन्जिलिकाका बुबा दीपकको दैनिक ज्यालाबाट घरखर्च चलाउनै मुस्किल छ । आमा सुमित्रा भने छोरीको हेरचाहमा घरमै बस्दै आएकी छन् । तीन वर्षका भाइसमेत रहेकी एन्जिलिका अहिले उपचारको पखाईमा तड्पिएकी छिन् ।

कलिलो उमेरमै गम्भीर रोगसँग जुझिरहेकी एन्जिलिकालाई समयमै थप उपचार गराउन परिवारले सहयोगको अपेक्षा गरेको छ । आर्थिक अभावका कारण बालिकाको उपचार प्रभावित भइरहेकाले सहयोगी मन र संघसंस्थाको साथ आवश्यक देखिएको छ ।

अलैंची पुरस्कारका लागि आठ टोली भिड्दै

ताप्लेजुङ/ ताप्लेजुङको मिक्वाखोला गाउँपालिकामा आयोजना हुने फुङफुङदेन झरना पर्यटन तथा सांस्कृतिक मेला-२०८३ अन्तर्गत पुरुष फुटबल प्रतियोगितामा आठ टोलीबीच प्रतिस्पर्धा हुने भएको छ । फुङफुङदेन झरना पर्यटन विकास समितिको आयोजनामा आगामी मंसिर २ देखि ६ गतेसम्म सञ्चालन हुने मेलाको फुटबल प्रतियोगिताको खेल तालिका सार्वजनिक गरिएको हो ।

बिहीबार फुङलिङ-५ विरेन्द्र चोकमा एक पत्रकार सम्मेलनको आयोजना गरी खेल तालिका सार्वजनिक गरिएको छ । फुङफुङदेन झरना पर्यटन विकास समितिका अध्यक्ष विजय साँवा, सल्लाहकार नुर्पुछिरिङ शेर्पा तथा मिक्वाखोला गाउँपालिका अध्यक्ष भक्त काकीको उपस्थितमा खेल तालिका सार्वजनिक गरिएको हो । सार्वजनिक खेल तालिकाअनुसार प्रतियोगिताको पहिलो क्वार्टरफाइनलमा मंसिर २ गते आयोजक र अप्पर मेवा कंटिएमबीच प्रतिस्पर्धा हुनेछ ।

त्यस्तै, मंसिर ३ गते हुने दोस्रो क्वार्टरफाइनलमा फेदाप गाउँपालिका तेह्रथुम र सैनिक युवा क्लब झापाबीच खेल हुनेछ । सोही दिन तेस्रो क्वार्टरफाइनलमा कुमायक गाउँपालिका पाँचथर र खोक्लिङ सामाजिक युवा क्लब मिक्वाखोला-२ बीच प्रतिस्पर्धा हुनेछ । मंसिर ४ गते हुने चौथो क्वार्टरफाइनलमा ग्रीन भ्याली युवा क्लब मेरिडेन-६ नाल्चु र मारिक एफसी धरान भिड्नेछन् । प्रतियोगिताको पहिलो सेमिफाइनल मंसिर ४ गते र दोस्रो सेमिफाइनल मंसिर ५ गते हुनेछ । फाइनल खेल मंसिर ६ गते दिउँसो १ बजे सञ्चालन हुने खेल तालिकामा उल्लेख छ ।


प्रतियोगिताको विजेता तथा उपविजेता टोलीलाई नगदको सट्टा अलैंची पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ । प्रतियोगिताको विजेता टोलीले ट्रफी, मेडल र प्रमाणपत्रसहित तीन लाख दुई हजार ८३ रुपियाँ बराबरको अलैंची प्राप्त गर्नेछन् । उपविजेता टोलीलाई एक लाख ५२ हजार ८३ रुपियाँ बराबरको अलैंचीसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ ।

समितिका अध्यक्ष साँवाका अनुसार स्थानीय उत्पादनको प्रवर्धन, बजारीकरण र किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले नगदको सट्टा अलैंची पुरस्कार दिने व्यवस्था गरिएको हो । गत वर्ष पनि प्रतियोगितामा अलैंची नै पुरस्कारका रूपमा प्रदान गरिएको थियो । गत वर्ष पाँचथरको गणेश चोकले उपाधि हासिल गरेको थियो ।

हक दाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

कोशी प्रदेश, मोरङ जिल्ला, सुन्दरहरैचा नगरपालिका वडा नं.०४ बस्ने पदम लाल निरौलाको नाति राम प्रसाद निरौलाको छोरा, सुशिल प्रसाद निरौलाले हिमालयन बैंकको ईटहरी शाखामा बचत खाता नं. ०२१५०४४८३०००१२ खोली कारोवार गर्दै आउनु भएकोमा खाता संचालक सुशिल प्रसाद निरौलाको मिति २०८३०४।२६ मा मृत्यु भएको र खातामा इच्छाएको व्यक्ति नभएकोले, खातामा रहेको रकम पाऊ भनी मृतकको पत्नि अम्बिका दाहाल निरौलाले आवश्यक कागजात संलग्न गरी बैंक समक्ष निवेदन दिनु भएकोले उक्त रकम उपर अन्य कसैको हकदावी छ भने यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र स-प्रमाण दावी गर्न आउनु होला । अन्यथा मागबमोजिम खाताको रकम भुक्तानी गरिने व्यहोरा सूचित गरिन्छ ।

HBL Himalayan Bank Ltd. **हिमालयन बैंक** ईटहरी शाखा





◆ प्रधान सम्पादक/प्रकाशक: गज्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५६०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com